## डबलीको कार्यविधिः

डबलीको अन्तरक्रिया/छलफलका लागि हामीले विभिन्न विषयहरु छान्दै त्यसमा सहभागीहरुको विचार संकलन गर्दैछौं, साथै डबलीको शुरुमा छलफलको प्रसङ्ग बसाइ दिन वक्ताहरु/सहजकर्ताहरुको सूची बनिरहेको छ। डबलीमा समावेश गरिने विषयहरुले त्यस्ता थरी-थरी प्रसङ्गहरुलाई समेटुन् जसबारे नयाँ युग र नयाँ लोकतान्त्रिक सन्दर्भमा सबै नागरिकहरु परिचित हुन आवश्यक पर्छ भन्ने हाम्रो प्रयास रहेको छ। हामी डबलीमा समावेश गर्नका लागि अरु उपयोगी शीर्षक/विषयहरु सबैतिरबाट प्रस्तावित होस् भन्ने आग्रह गर्दछौं।

डबलीका स्वयंसेवकहरुले प्रत्येक अन्तरक्रियाका सहभागीहरुसँग डबली बस्नु अघि नै प्रस्तावित विषयमा सामान्य परिचयात्मक कुराकानी गर्दै सहभागीहरुलाई आ-आफ्नो विचार, छलफलका लागि प्रश्न तथा टिप्पणीहरु सोच्न प्रोत्साहित गर्नेछन्। साथै डबलीको विषयबारे संक्षिप्त पाठ्यसामग्री उपलब्ध गराउन प्रयास गरिने छ। यसबाट अन्तरक्रिया अझ फलदायी हुने अपेक्षा गरिन्छ।

प्रत्येक डबलीको शुरुमा दुईजना वक्ता/सहजकर्ताहरुले संक्षिप्त (२० मिनट जति) कुराकानी प्रस्तुत गर्नेछन्। यी वक्ताहरु सामाजिक/सामुदायिक सेवाक्षेत्र, लोकतन्त्रको लागि स्थानीय स्तरमा अनुभव प्राप्त, फुलब्राइट सहभागीहरु, लेखक, कलाकार र समीक्षकहरु मध्येबाट आमन्त्रित हुनेछन्।

डबलीको मुख्य आर्कषण भनेको छलफलको विषयवस्तु प्रति सहभागीहरुको विचार, टिप्पणी, धारणा र प्रश्न-उत्तर रहने छ। आयोजकहरु, स्वयंसेवकहरु, वक्ता/सहजकर्ताहरु, फुलब्राइट सहभागीहरु सबैको प्रयास सहभागिहरुलाई रुचिकर र उपयोगी हुने गरी डबली सञ्चालन गर्नु हो। डबली सञ्चालन गर्ने क्रममा हामीले क्रमशः थप संक्षिप्त पाठ्य-सामग्री, पर्चा-पुस्तिका, गतिविधि पत्र-न्युजलेटर र पोष्टरहरु प्रकाशमा ल्याउनेछौं जसले सहभागिहरुलाई लोकतन्त्रको अनेक पक्षहरुमा आफ्नो सोचाईलाई गहनपार्दै जान केही सहयोग पुर्‍याउने सामग्री प्राप्त हुन सकोस्।

## डबलीका लागि श्रोत साधनः

हामीले फुलब्राइट सहभागीहरुको विश्वव्यापी प्रतियोगिता अन्तर्गत सन् २००६-०७ का लागि "लोकतन्त्र डबली" सञ्चालन गर्ने हाम्रो कार्यक्रमका लागि फुलब्राइट एसोसिशन वाशिङ्गटनबाट केही आयोजना अनुदान प्राप्त गर्न सफल भयौं। साथै FAAN को कार्य समितिका सदस्यहरुले आफ्नै प्रयासबाट थप पुरक श्रोत-साधन डबलीका लागि जुटाएका छन्। लोकतन्त्र डबलीका कार्यक्रमहरुलाई सुचारुरूपमा कार्यान्वयन गर्न संस्थाका अध्यक्ष डा. संगीता रायमाझी सहितको एउटा निर्देशन समिति कार्यरत छ र कार्य समितिका पदाधिकारीहरुले विभिन्न उप-समितिहरुको संयोजन गर्दै हुनुहुन्छ।

थप जानकारीको लागि सम्पर्क:

**डा. संगीता रायमाझी**, अध्यक्ष
पो.ब.नं. ३८९२, काठमाण्डौ, नेपाल
फोन. नं. (९७७-०१) ४४११-२६१
ईमेल: sangita.rayamajhi@gmail.com

**हृषीकेश उपाध्याय**, महासचिव
पो.ब.नं. २८५५, काठमाण्डौ, नेपाल
फोन.नं. (९७७-०१) ४४७२-०१४
ईमेल: hku@mail.com.np

# लोकतन्त्र डबली

## नेपाली फुलब्राईट सहभागीहरुको सामुदायिक कार्यक्रम

२०६३-०६४

FULBRIGHT Nepal

फुलब्राईट अलुम्नाई एसोसिएशन अफ नेपाल
**पो.ब.नं. ३८९२, काठमाण्डौ, नेपाल**
**फोन नं. ४४११-२६१, ४४७२-०१४**

## लोकतन्त्र डबली किन ?

नेपालका शहर र गाउँघरमा लोकतान्त्रिक अभ्यासहरुलाई जगाउन र सबल पार्ने उद्देश्यका साथ लोकतन्त्र डबली शुरु गरिएको छ। फुलब्राईट कार्यक्रममा अमेरिकामा अध्ययन गरी फर्केका सहभागिहरुले तयार पारेको यो डबलीको माध्यमबाट आम नागरिक समुहहरुका लागि लोकतन्त्रको अभ्यासमा गहन महत्व राख्ने विषयहरुमा सार्वजनिक छलफल र अन्तरक्रिया सञ्चालन गरिन्छ।

यो डबलीमा स्वरोजगारमा लागेकाहरु, स-साना व्यवसायीहरु, गृहिणीहरु, सडक छेउमा पसल गर्नेहरु, निजी पेशाकर्मीहरु र अरु इच्छुक व्यक्तिहरु जम्मा भई लोकतन्त्रलाई कसरी कार्यरूप दिन सकिन्छ त भन्ने जस्ता विषयमा आपसी छलफल र आफ्ना विचारहरुको आदान प्रदान गरिन्छ। वास्तवमा नागरिकहरुको यस्तै समुहहरुले नै सशक्त लोकतन्त्रको आधारशीला बनाएका हुन्छन्।

यो डबलीको वैचारिक आधार के छ भने हाम्रो जस्तो परम्परागत समाजमा लोकतन्त्रलाई सुदृढ पार्नका लागि आम नागरिकहरुले आपसमा विभिन्न समस्याहरु बारे नियमितरूपमा छलफल र कुराकानी गरिरहनु पर्छ जसबाट सुसूचित विचार र मान्यता विकसित हुन सकोस् र स्थानीय निकायहरु, निर्वाचित पदाधिकारीहरु र राष्ट्रिय सरकारले समेत आवश्यक कार्य गर्नाका लागि वैकल्पिक उपायहरु स्थापित हुन सकोस्।

यो डबलीका आयोजक-फुलब्राईट अलुम्नाई एसोसिएशन अफ नेपाल (FAAN)–लाई के कुरामा विश्वास छ भने : लोकतन्त्र भनेको नागरिकहरुले आफ्ना समस्याहरुको आफैं पहिचान गर्न सक्षम हुनु हो, ती समस्याहरुले समाजलाई कसरी प्रभावित पारेका छन् सो कुरा थाहा पाउन खुलारुपमा छलफल गर्नु हो र तिनको समाधानका लागि सम्भावित विकल्पहरुको लेखाजोखा तयार पार्नु हो।

## उद्देश्यहरुः

यो डबलीबाट तलका चारवटा उद्देश्यहरु प्राप्त गर्ने अपेक्षा राखिएको छ:

- प्रत्येक महिना लोकतन्त्रको कुनै विषय/सन्दर्भमा आमन्त्रित सहभागीहरु बीच अन्तरक्रिया सञ्चालन गर्नु जसमा सहजकर्ताले विषयगत छलफल प्रस्तुत गरेपछि सहभागीहरुले आ-आफ्नो विचार सुन्ने सुनाउने अभ्यास गर्ने छन्,
- नागरिकहरुलाई उनीहरुका आफ्नो चासो र चाहना रहेका विषयहरु/समस्याहरु बारे छलफल गर्ने मञ्च उपलब्ध गराउनु र उनीहरुलाई सार्वजनिक छलफलमा भाग लिने अवसर दिलाउनु,
- नेपाली समाजको सरोकारका प्रश्नहरुमा सुसूचित धारणा विकसित गराउन नगरपालिका/गा.वि.स., नागरिक समाज, फुलब्राईट सहभागीहरुलाई प्रेरित गर्नु र त्यस्ता विचारहरुलाई सार्वजनिक अभिव्यक्ति दिन सहयोग गर्नु,
- माथिका प्रयोगलाई विभिन्न नगरपालिका/गा.वि.स. क्षेत्रहरुमा सञ्चालन गर्न सामुदायिक समुहहरुलाई लोकतन्त्र डबली स्थापित गर्न सहयोग पुऱ्याउनु।

## डबलीका लक्ष्यहरुः

यो डबलीले काठमाडौंको विभिन्न क्षेत्रका नागरिक समुहहरुलाई लोकतन्त्रले के-के गर्छ र नागरिकहरुको हित संरक्षण गर्नका लागि लोकतन्त्रलाई कसरी कार्यरूप दिन सकिन्छ जस्ता विषयमा सार्थक छलफलको अनुभव गराउने र समझदारी बढाउने लक्ष्य राखेको छ।

उदाहरणको लागि भनौं, आम नागरिकहरुले बारम्बार के कुरा सुनिरहेका छन् भने नेपाली समाजका सामु रहँदै आएका सबै किसिमका कमी, कमजोरी र समस्याहरुको एउटै अचुक औषधी भनेको लोकतन्त्र नै हो। तर नागरिकहरुलाई कुन कुरा बारे सचेत बनाउनु जरुरी छ भने हामीले लोकतन्त्रलाई कार्यरूप दिनुपर्छ र लोकतन्त्रले दिन सक्ने उपलब्धीहरुलाई प्राप्त गर्न सचेत र सक्रिय नागरिक सहभागिता विकसित हुनु एकदमै जरुरी छ।

## डबलीको छलफलका लागि विषयहरुः

परीक्षण आयोजनाको रूपमा प्रत्येक महिना सञ्चालन गरिने लोकतन्त्र डबली हाललाई काठमाडौं महानगरपालिकामा केन्द्रित गरिएको छ-यो कार्यक्रम २०६३ साल असारको अन्त्यबाट शुरु भई दशवटा अन्तरक्रिया/छलफलहरुमा विस्तारित हुनेछ। हामी अरु सामाजिक समुहहरु/संघ-संस्थाहरुलाई हाम्रो डबलीको अवलोकन गर्न स्वागत गर्दछौं र वहाँहरुलाई अनुकुल हुने गरी आ-आफ्नो क्षेत्रमा विभिन्न लोकतान्त्रिक डबलीहरु शुरु गर्न आग्रह गर्दछौं। हाम्रो डबलीका लागि प्रस्तावित कतिपय शीर्षक/विषयहरु यस प्रकार छन्:

- लोकतन्त्रको अवधारणा: जनताको परिकल्पनामा लोकतन्त्र
- संविधान, कानुनी राज्य र लोकतन्त्र: नागरिकहरु र राज्यका निकायहरु
- आवाज नभएकालाई आवाज दिने हो भने: लोकतन्त्रमा महिलाहरु
- हामी एकैसाथ स्वतन्त्र र अज्ञानी हुन सक्दैनौं: लोकतन्त्र र नागरिकहरुको सिक्ने अवसर
- लोकतान्त्रिक भविष्यको निर्माण: लोकतन्त्रमा युवाशक्ति

FULBRIGHT
*Nepal*

# निमन्त्रणा

श्री / श्रीमती / सुश्री ..................................................................................................ज्यू

लोकतन्त्र डबली २०६३/०६४ अन्तर्गत

फुलब्राईट अलुम्नाई एसोसिएसन अफ नेपाल (FAAN) द्वारा आयोजित

**जनतालाई सर्वोपरि बनाउन**

**लोकतन्त्रमा राजनीतिक दलहरु**

विषयक अन्तरक्रिया कार्यक्रममा आमन्त्रण गर्दछौं ।

**कार्यक्रम**

मिति : २०६४ असार ९ गते, शनिवार
समय : दिनको २ बजे
स्थान : न्यू समिट कलेज
पुरानो बानेश्वर चोक (दक्षिण)
काठमाण्डौं ।

**हृषीकेश उपाध्याय**
महासचिव

**डा. संगीता रायमाझी**
अध्यक्ष

उत्तरापेक्षी : ९८०३३४८३६७